आदरणीय कटहरी गाउँपालिका वासी आमा, बुवा, दाजु, भाइ तथा दिदीबहिनीहरु लगायत सरोकारवाला सबै,

नेपालको संविधान जारी भएसँगै मुलुकको शासन व्यवस्था तीन तह (संघ, प्रदेश र स्थानीय तह) बाट हुँदै आएको छ। मुलुकले अँगालेको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय तहको शासन सञ्चालनका लागि दोश्रो कार्यकालका लागि जनप्रतिनिधि निर्वाचित भई स्थानीय शासन संचालन भईरहेको छ। यसै सन्दर्भमा कटहरी गाउँपालिकामा पनि हामी दोश्रो कार्यकालका लागि निर्वाचित भई आएपछी कटहरीको सर्वाङ्गिण विकास र समृद्दिका लागि अनवरत रुपमा विकास निर्माण तथा सुशासन प्रवर्द्धनको कार्य गर्दै यहाँका विकृती विसंगती, बेथितिको अन्त्यका लागि सुन्य सहनसीलताको नीति अवलम्वन गर्दै आएका छौं। यसै क्रममा यस गाउँपालिकाको चौतर्फी विकासका लागि अन्य ठाउँहरुमा भएका विकास तथा सुशासनका असल अभ्यासहरुको अध्ययन अवलोकन गर्न भ्रमणमा रहेको समयमा केही स्वार्थ समूहले निराधार र तथ्यहिन आरोप लगाउँदै मिति २०८०/१२/४ गते उद्घोष राष्ट्रिय दैनिकमा प्रकाशन भएको समाचार प्रति अध्यक्ष म देवराज चौधरी लगायत कटहरी गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। सो सन्दर्भ लगाईएका कपोकल्पित आरोपहरुको बास्तविकता यस प्रकार रहेको छ।

- नेपाली काग्रेसबाट उम्मेदवार भई अध्यक्ष पदमा निर्वाचित भएको म अध्यक्ष देवराज चौधरीले चुनावी घोषणा पत्र र प्रचलित कानुन अनुसार बिना आग्रह पूर्वाग्रह सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी कटहरी वासीका लागि कार्य गरिरहेको छु।
- हुलाकी राजमार्ग आयोजना कार्यान्वयन संघिय सरकारको जिम्मेवारी भित्र रहेको भएता पनि सडक निर्माण कार्यमा भएको ढिलासुस्तीलाई खबरदारी गरी निर्माण कार्य समयमै सम्पन्न गराई जनताले भोग्नु परेको सास्तीलाई निराकरण गर्नका लागि सरकार प्रमुखले गर्नुपर्ने दायित्वलाई मनन गर्दै स्थानीय स्तरमा गर्नुपर्ने समन्वय र सहकार्यमा कटहरी गाउँपालिकाको तर्फबाट आफुले बारम्बार पहल गरेको, यस क्षेत्रका माननीय ज्यूहरु मार्फत केन्द्रिय सरकारको मन्त्रिपरिषदमा समेत ध्यानाकर्षण भएको साथै जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा यस क्षेत्रका माननीय ज्यूहरु, पालिकाका जनप्रतिनिधिहरु, हुलाकीका डि.ई, राजनैतिक दलका प्रतिनिधीहरु, सरोकारवाला लगायत उक्त कार्य गर्ने ठेकेदार समेतसँग छलफल गर्नुका साथै दवावका लागि धर्ना एवं पटक पटक पत्रकार सम्मेलन गरी दबाव दिएका कारण हाल हुलाकी राजमार्ग निर्माण कार्य सुचारु रहेको।
- यस कार्यालयमा करारमा कार्यरत रहेका चौथो तहका कर्मचारीद्वय राजेश भट्टराई र सरिता कामतको सरुवाका सन्दर्भमा राजनैतिक पूर्वाग्रह राखी कर्मचारीको सरुवालाई लिएर राजनीतिकरण गर्नु कर्मचारीको मनस्थितिमा ह्रास आउने कुरा हो किनकी गाउँपालिकाले आम नागरिकलाई दिने सार्वजनिक सेवालाई चुस्तदुरुस्त बनाउनका लागि आन्तरिक रुपमा हुने गरेको सरुवा यो पहिलो पटक होईन, जुन विषयलाई लिएर म निर्वाचित भएको पार्टी प्रति नै आँच आउने गरी प्रतिशोध साध्ने हिसाबले गरिएको प्रचारवाजी खेदजनक छ।
- ने.का. कटहरी गाउँपालिकाका उपसभापति गोकुल भट्टराईसँग भ्रमणलाई लिएर आर्थिक सहयोग माग गरेको आरोप मेरो व्यक्तिगत चरित्र हत्या गर्ने प्रयास गरिएको हो जसमा कुनै सत्यता नरहेको। साथै निजको भाईलाई समाचारमा प्रकाशित भए जस्तो जागिर खाईदिने कुनै अभिव्यक्ति दिएको छुईन।
- यस कार्यालयमा कार्यरत कर्मचारीहरु कसैको छोरा, छोरी, भाई, भतिज तथा जो जुनसुकै नाताको भए पनि मैले सबै कर्मचारीहरुलाई केवल कर्मचारीको रुपमा मात्रै हेरेको छु। गाउँपालिका अर्न्तगत रहेका कार्यालयमा हुने कर्मचारी अभावलाई पूर्ति गर्न सरुवाको नियमित प्रक्रिया अर्न्तगत विना आग्रह पूर्वाग्रह कार्यालयले सरुवा गर्ने गरेको छ।
- ने.का. वडा नं. २ का सभापति संजय मण्डल र ने.का. प्रदेश प्रतिनिधि गणेश मुखियाको ट्रयाक्टर नियन्त्रण सम्बन्धमा धनपालथान र कटहरीको संयुक्त लोहन्द्रा खोलाको बालुवा तथा भरौट उत्खनन ठेक्कामा सम्झौता, IEE प्रतिवेदन र प्रचलित कानुन विपरित हुने गरी विना अनुमति मेसिन जडित ट्रयाक्टरबाट आर.सी. सप्लायर्स एण्ड

देवराज चौधरी
अध्यक्ष

CS CamScanner

कन्स्ट्रक्सन प्रा.लि., बिराटनगरले सतारी घाट क्षेत्रमा मेसिन प्रयोग गरी अवैध रुपमा उत्खनन भईरहेकै बखत अनुगमन समितिले मिति २०८०/११/२२ गतेका दिन मेसिन जडित ट्र्याक्टर नियन्त्रणमा लिई प्रहरी मार्फत प्रतिबेदन सहित बुझाए पश्चात मिति २०८०/११/२३ गतेका दिन जिल्ला समन्वय समितिका प्रमुख, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, सहायक प्रमुख जिल्ला अधिकारी, गाउँपालिकाको अनुगमन समिति लगायतको उपस्थितिमा भएको अनुगमनबाट भरौट उत्खनन भएको स्थानमा करिब १० फिट गहिरो खाडल बनाई मेसिन प्रयोग गरी अव्यवस्थित तरिकाले भरौट उत्खनन गरेको भनी प्रतिवेदन पेश हुन आएकोले मिति २०८०/११/३० गते बसेको ३५ औं कार्यपालिका बैठकबाट प्रचलित कानुन बमोजिम कार्वाही गर्ने निर्णय भएको र कुनै वैधानिक कार्यमा अवरोध नगरी निजलाई सहयोग र समन्वय गरेको ।

- हुलाकी सडकमा भएको दुर्घटना विरुद्ध गाउँपालिकाले पटक पटक पहलकदमी गर्दा गर्दै पनि केही उच्छृङ्खल समुहले भौतिक सम्पतिको क्षति एवं व्यक्तिगत रुपमा मानहानी हुने गरी कार्य गरेको हुँदा कानुन बमोजिम कार्वाही चलाएको ।
- शिक्षक हटाईएको सम्बन्धमा कटहरी गाउँपालिकाले विद्यालयहरुलाई अनुदान दिनुपर्नेमा अघिल्लो कार्यकालमा नै गाउँपालिकाले सिधै कानुन विपरित शिक्षक नियुक्ति गरेकोले विगत वर्ष देखि निरन्तर म.ले.प. ले बेरुजु औंल्याएको हुँदा शिक्षक हटाउनु परेको, नहटाएको खण्डमा खाइपाई आएको तलब समेत असुल उपर गर्नुपर्ने हुनाले बजेट नराखिएको र हटाईएको शिक्षकहरुबाट हालसम्म कुनै पनि किसिको गुनासो नआएको ।
- प्रमुख प्रशासकीय अधिकृतसँग मिली आर्थिक चलखेल गरेको भन्ने आरोप तथ्यहिन र निराधार रहेको । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (छ) बमोजिमको आफ्नो कार्यक्षेत्र भित्र रही प्रशासनिक कार्य गर्दै आएको ।
- रेलबेमा हाटबजार लगाई अवैध रुपमा आफन्त मार्फत रकम उठाएको विषय सत्य नभएको । साबिकमा कटहरी-१ मा रहेको सिंघिया पुल छेउ रिता कोइरालाको जग्गामा लाग्दै आएको हटिया सडक जामका साथै प्रत्येक वर्ष भाडा बढाउने भएको हुनाले आन्तरिक आय भन्दा खर्च बढी हुने समेतका कारण उक्त हटियालाई कटहरी-१ स्थित रहेको फलफुल तथा तरकारी थोक बजार, जमटोकी (गाउँपालिकाको स्वामित्वमा रहेको ५-०-२ जग्गामा) मा १८ करोडको लागतमा विश्व बैंकले बनाई दिएको संरचना बेवारिसे रहेकोले पालिकाले संरक्षण गर्नुपर्ने दायित्व हुदाँ सोहि ठाउँमा हटिया सार्नका लागि मिति २०८०/३/२९ गते बसेको कार्यपालिका बैठकबाट निर्णयानुसार हटिया लाग्ने स्थान सारिएको र उक्त हटिया ठेक्का लगाउनका लागि कार्यालयबाट पटक पटक सुचना आव्हान गर्दा पनि निहित स्वार्थ बोकेका स्वार्थ समुहहरुले ठेक्का लाग्न नदिई रेल्वेमा हटिया लगाउन उक्साहट गरी उक्त हटियालाई रेल्वेमा नै सञ्चालन गर्न सुरु गरेपछि सो स्थानमा हटिया हटाई कृषि बजारमा स्थानान्तरण गर्न ५ महिना सम्म नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्दा पनि हटिया सार्ने नदिने निहित स्वार्थ बोकेका स्वार्थ समुहहरु लागेकोले हालसम्म पूर्णतया हटिया स्थानान्तरण भई नसकेको र ठेक्का व्यवस्थापन हुन नसकेकोले अमानत विधिबाट कार्यालयका कर्मचारीहरुबाट हाटबजार कर उठाएको हो ।
- कर्मचारी भर्नाको सवालमा लगाईएका मिथ्या आरोपको सम्वन्धमा चाहे त्यो रोजगार संयोजक होस वा अन्य कुनै पदमा योग्यता प्रणालीमा आधारित खुला र समावेशी सिद्धान्तको अवलम्वन गरी प्रतिस्पर्धात्मक विधिबाट कर्मचारी छनौट हुँदा प्रतिस्पर्धात्मक परिक्षामा रहेका उम्मेदवारहरुमध्ये अव्वल उम्मेदबारलाई नै छनौट तथा नियुक्ति गरिएको हो ।

**अन्त्यमा,**

**आगामी दिनमा पनि कटहरी गाउँपालिकाले विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यता र सुशासनको प्रत्याभुति गराउँदै भ्रष्टाचार, अपराध र अराजकतामा शुन्य सहनसिलताको नीति अवलम्बन गर्दै बिना आग्रह पूर्वाग्रह ढङ्गले शासन विकास र सेवा प्रवाह सम्बन्धि कार्य सम्पादन गर्ने सम्बन्धित सबै सरोकारबालाहरुमा सादर अनुरोध छ ।**

बैकराज चौधरी
अध्यक्ष

CamScanner